जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाइँलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : marganugamidaily@gmail.com, mgnd2070@gmail.com

बर्षः १०, अंकः ३१० पृष्ठः ४ | २०८० चैत्र २२ गते विहीबार (Thursday 04 April 2024) | मूल्य रु. ५।- | इमेल : marganugamidaily@gmail.com

## बालक मृत फेला

सिरहा, २१ चैत्र। सिरहाको औरहीमा १० वर्षीय बालक मृत फेला परेका छन्। बुधबार बिहान औरही गाउँपालिका-४ खजनपुरस्थिति पोखरीमा बद्री यादवका १० वर्षीय छोरा सचिनकुमार यादव मृत फेला परेका हुन्। गन्हाएपछि स्थानीयले पोखरीमा खोजी गर्दा बालक सचिन मृत फेला परेको स्थानीय सन्तोष यादवले जानकारी दिए। उनका अनुसार सचिन तीन दिनदेखि वेपत्ता थिए। आफन्तले सामाजिक सञ्जालमा समेत बालक हराएको सूचना राखेका थिए। तर आज बुधबार पोखरीमा मृत भेटिएका हुन्।

## समान बरामद

रौतहट, २१ चैत्र। रौतहट जिल्लाको परोहा नगरपलिका-९ खाँप ईलाकाबाट सशस्त्र प्रहरीले ७ लाख ५५ हजार ५ सय ७० रुपैयाँ बराबरको विभिन्न सामान बरामद गरेको छ। भारतबाट अबैध रुपमा भन्सार छली नेपालतर्फ ल्याई सीमा ईलाका नजिकै लुकाई छिपाई राखेको

–बाँकी अन्तिम पेजमा

# प्रशासकीय अधिकृतले पत्रकारलाई दिए गोली हान्ने धम्की





सिरहा, २१ चैत्र। सिरहाको गोलबजार स्थित पत्रकार अर्जुन थपलियालाई गोलबजार नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्रीधर केसीले गोली हान्ने धम्की दिएका छन्। समाचारको विषयमा आक्रोशित हुँदै केसीले पत्रकार थपलियालाई आज फोन गरेर धम्की दिएका हुन। थपलियाले गोलबजारबाट दाबानल नामक अनलाइन संचालन गरेका छन्। यस अनलाइनमा थपलियाले बुधबार गोलबजार नगरपालिकाका 'प्रमुख प्रशासकीय अधिकृत, इन्जिनियर र वडा अध्यक्षको अघोषित साझेदारी ठेक्कामा परियोजना संचालन' शीर्षकमा समाचार लेखेका थिए।

यसै विषयमा प्रमुख प्रशासकीय अधिकृत केसी असन्तुष्ट हुँदै थपलियालाई पटक पटक फोन गरेका थिए। थपलियाले भने, 'फोन उठाउने बित्तिकै केसी सर आगबबुला हुँदै तथानाम भन्न थाल्नुभयो। मैले शान्त हुनुस् अनि कुरा गरौंला भनिरहें तर उहाँले धम्काउन सुरु गरेपछि गोली हानिदिन्छु भनेरै छोड्नुभयो।' अधिकृत केसीसँगको संवाद पत्रकार थपलियाले रेकर्ड गरेर सार्वजनिक गरेका छन्। संवादमा पत्रकार थपलिया फोन उठाउने बित्तिकै अधिकृत केसी भन्छन् 'अर्जुनजी तपाईं कहाँ हुनुहुन्छ अहिले ? म त्यही आउँछु। अर्जुन–तपाईं शान्त हुनुस् अनि कुरा गरौंला। म बाहिर छु।'

केसी 'ए छोड्नु न यार तपाईं जति मान्छेलाई म एक्लै काफी छु क्या॥ तपाईं हावादारी कुरा गर्ने ? गोलबजारमा यस्तो भयो उस्तो भयो भन्दै बार्गेनिङ गर्ने तपाई ? तपाई दुनियाँलाई थर्काएको मलाई थाहा छैन। तपाईं कुन हैसियतको मान्छे मलाई थाहा छैन। मलाई सबै कुरा थाहा छ। तपाईं मेरो जति रेकर्ड राख्नु भएको छ नि त्यो भन्दा बेसी रेकर्ड मेलै तपाईंको राखेको छु। तपाईं मलाई बर्बाद गर्न चाहनुहुन्छ भने मैले पनि तपाईंलाई एक सेकेन्डमा बर्बाद गरिदिन्छु।' संवादमा केसी एकोहोरो थपलियालाई फोनमा धम्क्याइरहेको सुनिन्छ। संवादको बीचमा केसीले फेरी थपलियालाई भने 'तपाईं कहाँ हुनुहुन्छ भन्नुस् म त्यही आउँछु।' थपलियाले भने, 'म बाहिर छु सर, आउँदै छु।'

'वडा अध्यक्षले बाटो भएको ठाउँमा बाटो छैन भनेर सिफारिस गरेको जिम्मेवारी मैले लिने हो ? मैले लिने हो ? हँ कि के हो ? मैले लिने हो भन्या। थपलिया जवाफमा भन्छन्, 'यो प्रश्नको उत्तर मैले दिन सक्दिन सर, तपाईंलाई। 'लोकतन्त्रको कुरा छोड्नुस् न मलाइ बनाउनुस् प्रधानमन्त्री ल कसरी चलाउनु पर्छ' प्रधानमन्त्री मलाई थाहा छ भन्दै केसीले थपलियालाई धम्क्याउँदै भने,'हावा कुरा नगर्नुस् है तपाईं।' तपाईं मेरो पछाडि लागे म तपाईंको पछाडि लागेर कसरी के गर्नुपर्छ मलाइ थाहा छ क्या तपाईंले' केसीले थपलियालाई धम्क्याएँ ,'ख्याल गर्नुस् फेरी, तपाईंलाई धम्की भयो धम्की।' 'म काम गर्न आएको कर्मचारी हुँ तपाई मेयरको दुनियाँको कुरामा मलाई जोडेर लेख्ने काम बन्द गर्नुस् केसीले कसम खाँदै भने,'तपाईंलाई म छोड्दिन, कसम भन्छु।' गोली हान्दिन्छु जेल जान्छु रेकर्ड राख्नुस्, गोली हान्दिन्छु जेल जान्छु म। बिस वर्ष जेल बस्छु॥ के छ ध्यान गरेर बस्छु जेलभित्र।'

प्रमुख प्रशासकीय अधिकृत केसीले भने,' मैले रिस उठेर अति भएपछि गोली हानेर जेल बस्छु भनेकै हो। तर, यो केबल रिसको बोली हो उनले

–बाँकी दुई पेजमा

# सुनसरीमा बन्दुकधारीले गरे लाखौंको लुटपाट

मोरङ, २१ चैत्र। सुनसरीमा बन्दुक पड्काउँदै पाँच लाखभन्दा बढी रूपैयाँ लुटपाट भएको छ। बुधबार दिउँसो करिब सवा २ बजे हरिनगरा गाउपालिका र ईनरूवा नगरपालिकाको सीमामा पर्ने नहर क्षेत्रमा बन्दुक पड्काएर लुटपाट भएको विराटनगरस्थित कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरका प्रवक्ता प्रहरी उपरीक्षक दीपक पोखरेलले बताए। उनका अनुसार हरिनगरा गाउँपालिका–२ का ३० वर्षीय आशिफ अन्सारीको साथमा रहेको ५ लाख ३५ हजार रूपैयाँ नगद लुटिएको हो। घटनास्थल पुगेको

–बाँकी तीन पेजमा




# राजनीतिक पहुँचकै भरमा कामै नगरी तलब खान्छन कर्मचारी !

**मुकेश कुमार यादव**

सिरहा, २१ चैत्र। सिरहाको विष्णुपुर गाउँपालिकामा कार्यरत्त कर्मचारीले काम नै नगरी तलब भत्ता बुझने गरको पाइएको छ। गाँउपालिकाका प्रशासन शाखामा कार्यरत कर्मचारी महेन्द्र यादब र पोषण सहजकर्ताको रुपमा कार्यरत लक्ष्मी कुमारी यादबले घरै बसी–बसी तलव भत्ता बुझ्ने गरेको पाइएको हो। राजनीति पहुँचक र चिनजातका भरमा दुबै कर्मचारीले काम नै नगरी तलब भत्ता बुझ्ने गरेको त्यही कार्यरत एक कर्मचारीले बताए। नाम नबताउने सर्तमा ती कर्मचारीले भने, 'दुबै जना कार्यालय हाजिर गर्न मात्र आउँछन्। कार्यालय प्रमुख र गाँउपालिका अध्यक्षलाई राजनीतिक दवावमा पारेर निर्वाध रुपमा तलव भत्ता लिने गरेका छन्।'




तत्कालिन जिल्ला विकास समितिमा नायव सुव्वा (पाँचौ) तहमा अस्थायी सेवाका कर्मचारी महेन्द्र यावदलाई गाँउपालिका स्थापना भएको केहि दिनमै सरुवा गराएर आएको प्रशासकीय अधिकृत रामप्रवेश यादवले जानकारी दिए। उनले भने, 'गाउँपालिकामा महेन्द्र सर अहिले प्रशासन शाखामै वस्दै आएको छ। केही वर्ष अगाडि उहाँलाई राजस्व शाखाको जिम्मेवारी दिईएको थियो। तर, राजस्व हिनामिना गरिएको विषयमा विवादित भएकोले उनलाई अहिले प्रशासन शाखामै राखीएको छ।' उनले थपे, 'हामी तिनजना कर्मचारी प्रशासन शाखामा छौ, यो शाखामा खासै कामपनि हुदैन। तर वहाँ कार्यालय आउनुहुन्छ।'

कार्यलय आएपनि हाजिर गरेर बाहिर व्यक्तिगत काममा व्यस्त रहने गुनासो आएको विषयमा प्रशासकीय अधिकृत यादवले केहि प्रतिकृया दिन चाहेनन्। त्यसैगरी, गाँउपालिका स्वास्थ्य संयोजक राम सेवकलाई पोषण सहजकार्ताको बारेमा जिज्ञासा राख्दा 'विगतमै लक्ष्मी कुमारी यादबलाई पोषण कार्यक्रम सयम्

–बाँकी अन्तिम पेजमा

# सम्पादकीय

## वीर अस्पतालको उपचार गर !

देशको सबैभन्दा ठूलो र पुरानो वीर अस्पतालको अवस्था दयनीय बन्न पुगेको छ। सेवाको क्षमता र आवश्यकता भएर पनि सरकारले उचित सहयोग नगर्दा वीर अस्पताल सङ्कटमा परेको हो। मूलतः राजनीतिक हस्तक्षेप, राज्यबाट न्यायोचित अनुदानको अभाव, भ्रष्टाचार र अव्यवस्थाका कारण वीर अस्पतालको यो दुर्दशा भएको हो। वीर अस्पतालमा भएका संरचनाहरू राम्ररी सञ्चालन गरिएका छैनन्। केही पहिले त सरकारले बीरामीलाई दिइने निःशुल्क खाना र अक्सिजनसमेत कटौती गरिदिएको थियो। फलस्वरूप, सेवा र सुविधा निकै खुम्चिएका छन्। धन्न, सर्वोच्च अदालतले हाललाई निःशुल्क खाना र अस्किजनको सुविधा कटौती नगर्न अन्तरिम आदेश जारी गरिदियो र पो !

संसारका अरू मुलुकमा विद्यमान स्वास्थ्य संस्थाहरूको सेवा र स्तर घटाउने काम बिरलै होला। प्रत्येक सरकारले सुविधा विस्तार गर्ने र सेवाको स्तर बढाउने गर्छन्। नेपाल भने विशेषगरी वीर अस्पतालका सम्बन्धमा अपवादमा परेको छ। अहिले आईसीयु र शल्यक्रियाको सेवामा ५० प्रतिशत सेवा कटौती भएको छ भने आकस्मिक उपचार कक्षको (ग्रिन जोन) महिनौँदेखि बन्द गरिएको छ। एकातिर, शल्यक्रिया गर्नुपर्ने गम्भीर बीरामीहरूले पालो पाउन लामो समय पर्खनुपर्छ भने अर्कातिर शल्यक्रियाका लागि बनेको नयाँ भवनको प्रयोग पूर्णरूपमा हुनसकेको छैन। अस्पतालका सेवा र सुविधा यसै अपर्याप्त त छँदैछ भएको सेवा लिन पनि सेवाग्राहीले निकै सास्ती भोग्नुपर्छ। विशेषगरी वीर अस्पतालमा जाने सर्वसाधारण बिरामीले सेवा पाउन निकै मुस्किल हुन्छ। जनशक्तिको कमीले बीरामीको चाप धान्न मुस्किल त छँदैछ सेवा प्रदायकहरूको व्यवहार पनि बिरामीमैत्री हुँदैन।

वीर अस्पताल राम्ररीसञ्चालन गर्न नसके राष्ट्रिय स्वास्थ्य विज्ञान प्रतिष्ठान (न्याम्स) र राष्ट्रिय ट्रमा सेन्टरलगायतका संस्थाहरूमा पनि प्रतिकूल प्रभाव पर्छ। स्वास्थ्य सेवामा मात्र होइन राज्यकै क्षमता प्रश्न उठ्छ। अस्पताल पनि राम्ररी चलाउन नसक्ने राज्यलाई जनताले कसरी विश्वास गर्ने ? वीर अस्पतालकै अधिकारीले अस्पतालका सेवा पूर्ण क्षमतामा सञ्चालन हुननसकेको स्वीकारेका छन्। नर्सिङ जनशक्ति र आर्थिक स्रोतको अभावका कारण अस्पताल पूर्णक्षमतामा चलाउन नसकिएको हो भन्ने उनले खुलासा गरेका छन्। यी दुवै पक्ष पक्कै महत्त्वपूर्ण हुन् तर अस्पतालको सुसञ्चालनमा व्यवस्थापन पक्षको कमजोरी र कर्मचारीको व्यवहारमा पनि सुधार अपरिहार्य हुन्छ।

वीर अस्पतालका निर्देशकका अनुसार सरकारले तत्काल नर्सिङ दरबन्दीमात्रै पूरा गर्ने हो भने पनि धेरै सेवा सञ्चालन हुनसक्ने देखिन्छ। यसैगरी अत्यावश्यक आर्थिक अनुदान उपलब्ध गराएमा राज्यले निःशुल्क वा सहुलियतमा प्रदान गर्दैआएका सेवाहरू सुचारू राख्न सकिनेछ। सरकारले अरू क्षेत्रको खर्च कटाएर पनि स्वास्थ वा शिक्षामा लगानी गर्नुपर्छ। शिक्षा र स्वास्थ्यमा गरिने लगानीको प्रतिफल सबैभन्दा बढी प्राप्त जो हुन्छ। यसैले निजामती सेवाजस्ता क्षेत्रका अनावश्यक खर्च कटौती र राजनीतिक नेतृत्वले गर्ने दोहन कट्टा गरेर पनि अस्पतालमा लगानी बढाउनै पर्छ। विडम्बना, अगिल्ला स्वास्थ्यमन्त्रीले 'मरणासन्न' बनाएको भनिएको वीर अस्पताललाई अहिलेका स्वास्थ्यमन्त्रीले पनि बेवास्तै गरेका छन्। मन्त्री नियुक्त भएपछि उनले वीर अस्पतालका विषयमा जानकारी लिन (बिफ्रिङ)का लागि समेत समय दिएका रहेनछन्।

यिनले वीर अस्पताल जोगाउन प्राथमिकता देलान् भनेर अपेक्षा गर्नु त मूर्खता होला तर संसद्मा वीर अस्पतालका सम्बन्धमा आवाज उठ्न थालेकाले सुधारको झिनो आशा पलाएको छ। के नेपालका सांसदहरूले जनताका समस्यालाई प्राथमिकता देलान् ?




*प्रशासकीय...*

प्रष्ट्उन खोजे, 'म पालिकाको कर्मचारीसँग बन्दुक कहाँ हुन्छ र गोली हान्नु। अर्जुनजीलाई पटकपटक हावादारी सूचना प्रवाह नगर्न आग्रह गर्दा पनि उहाँ मान्नु हुन्न कहिले मेयर श्यामलाई जेल हाल्छु भन्छ, कहिले माननीय लिलानाथ श्रेष्ठलाई जेल हाल्छु भन्छ। जोसुकैलाई जेसुकै गरुन् तर तथ्यभन्दा फरक सूचना प्रवाह गरेर काम गर्ने वातावरण नबिथोलिदिन मैले उहाँलाई पटक पटक आग्रह गरेको छु। कानुन मलाई पनि थाहा छ म कानुनभन्दा माथि हुँदै होइन। आवेशमा फोन गरेर भनेको कुरा मैले नै भनेको हुँ, ढाँट्दिन।'

# खस्किंदो शिक्षा क्षेत्रलाई उकास्ने केही सुझाव

*विश्वको औसत खर्चभन्दा तल हाम्रो शिक्षामा लगानी भएकाले आगामी बजेटमा शिक्षा क्षेत्रमा लगानी बढाउने प्रयास गरौं। शिक्षामा राजनीतीकरण रोक्ने एजेन्डामा राष्ट्रिय सहमति बनाऔं जस्तो कि ट्रेड युनियन बाहेक पार्टीको सदस्यता लिनु गैरकानुनी हुन्छ।*

**डा. अंगराज तिमिल्सिना**

भनिन्छ, दुनियाँमा शिक्षा क्षेत्रको लगानीका अलावा अरु यस्तो क्षेत्र छैन जसले देश र समाजका लागि बढी प्रतिफल दिन सकोस्। सर्वसुलभ र गुणस्तरीय शिक्षाले गरिबी निवारणदेखि पिछडिएको क्षेत्रको सशक्तीकरणसम्म, समान अवसरको सृजनादेखि देशका विकासका संरचना, विज्ञान–प्रविधि र श्रम बजारलाई चाहिने जनशक्ति सँगसँगै आँकडा, तथ्य, प्रमाण र विश्लेषणात्मक तर्कशक्तिमा विश्वास गर्ने नागरिकको निर्माणसम्ममा शिक्षा क्षेत्रको विकासको महत्वपूर्ण भूमिका रहन्छ।

नेपालको शिक्षा क्षेत्रको विकासमा धेरै 'फल्ट लाइन' (समस्या) छन् र समयसँगै केही विकृतिहरू पनि थपिएका छन् तर गत ३० वर्षमा शिक्षा क्षेत्रमा प्रगति हुँदै नभएको होइन। सन् १९९० मा औसतमा नेपालीले साढे सात वर्ष जतिको शिक्षा ग्रहण गर्थे भने सन् २०२१ सम्म आइपुदा १३ वर्ष जतिको शिक्षा ग्रहण गर्छन्। तर युनेस्कोको शिक्षाको स्तर देखाउने 'एजुकेसन इन्डेक्स' अनुसार १६३ देशमा नेपालको स्थान १२३ मा रहेछ। भन्नुको अर्थ शिक्षामा हामीभन्दा राम्रो गर्ने १२२ देश र कम राम्रो गरिरहेका ४० देश रहेछन्।

शिक्षा क्षेत्रको खस्कँदो अवस्थाले होला विकास र समृद्धिको स्तर देखाउने बजार प्रतिस्पर्धा, भ्रष्टाचार निवारण, मानव विकास, सुशासन, ई–शासन, नवपरिवर्तन, व्यवसाय सञ्चालन, जीवनयापनको गुणस्तर र बौद्धिक क्षमताको स्तर आदि एक दर्जनभन्दा बढी सूचकांकहरूमा नेपालको श्रेणी पनि पुछारमै छ। मुख्य कुरा नेपालमा निजी र सरकारी विद्यालय र विश्वविद्यालयहरू धेरै थपिए। तर समयसँगै सरकारी–सार्वजनिक शिक्षा र निजी क्षेत्रले दिने शिक्षाको स्तरमा असमानता उल्लेख्य बढ्यो नै, सार्वजनिक क्षेत्रको सेवाको स्तर धेरै खस्कियो। शिक्षा क्षेत्रको मात्रा (क्वान्टिटी) मा विकास भएको जस्तो देखियो तर गुणस्तर (क्वालिटी) मा विकास पछि पऱ्यो।

नेपालमा केही गरौं भन्ने नयाँ शिक्षा मन्त्रीका केही निर्णयहरू सुरुमै विवादित बनेका छन्। संसद्रुमा विचाराधीन शिक्षा विधेयकले नेपालको शिक्षा क्षेत्रमा जगडिएर रहेका मुख्य समस्याहरूको समाधान निकाल्न सक्ला त भनेर शंका–उपशंका गर्नेहरू पनि छन्। यही परिप्रेक्ष्यमा मेरो विगत २०–२५ वर्षको विकास र सुशासनको अनुभवका आधारमा निम्न अनुभव र सुझाव प्रस्तुत गर्न चाहन्छु।


**नेपालको शिक्षा क्षेत्र सुधार सम्बन्धी प्रमुख चुनौती**

**१. नीतिगत चुनौती**

विगतमा ४–५ वटा शिक्षा क्षेत्र सुधारका ठूला कार्यक्रमहरू नेपालमा लागू नभएका होइनन् तर परिणाम औसत नै रह्यो। यसको मुख्य कारण निम्न नीतिगत कुराहरूमा अस्पष्टता छ र संसदमा विचाराधीन शिक्षा विधेयकले यी चुनौतीको स्पष्ट समाधान खोज्नुपर्छः

क. शिक्षा क्षेत्र विकासको नेपालको सैद्धान्तिक धरातल के हो ? विश्वमा दुई थरीका अवधारणा छन्। एकथरी श्रम बजारका लागि दक्ष जनशक्ति उत्पादन गर्नेशिक्षा चाहिन्छ भन्छन् भने अर्कोथरीले मानव विकास अर्थात् नागरिकले आफ्नो अमूल्य जिन्दगी जिउन चाहिने स्वतन्त्रता र अवसरका लागि शिक्षा चाहिन्छ भन्छन्। यी दुई सैद्धान्तिक धरातलहरू बीच कस्तो सामञ्जस्य कायम गर्ने ? मुख्यगरी विद्यालय र विश्वविद्यालयको शिक्षाको लक्ष्य के हुने ?

ख. शिक्षाको केन्द्रबिन्दुमा विद्यार्थी, शिक्षक वा अभिभावक कसलाई राख्ने ? कि सामूहिक जिम्मेवारीलाई प्रोत्साहन गर्ने ? जस्तो कि फिनल्याण्डको शिक्षाले विद्यार्थीलाई केन्द्रमा राख्छ भने सिंगापुरको शिक्षाले विद्यार्थी र शिक्षक दुवैलाई केन्द्रमा राख्छ। रुवाण्डाले शिक्षकहरूको प्रविधि सम्बन्धी ज्ञान (डिजिटल स्किल्स्) र पढाउने तरीका (पेडागोलोजी) मा जोड दिन्छ। तर सामूहिक जिम्मेवारीलाई रेखदेख, निगरानी र मूल्यांकन गर्न सजिलो छैन।



ग. विद्यालयहरूलाई एक–आपसमा प्रतिस्पर्धी अनि विश्वविद्यालयहरूलाई स्वायत्त र गुणस्तरीय शिक्षा दिने कसरी बनाउने ? पछि स्कूल र कलेजको शिक्षा नसकेर बीचमै छोड्ने अभ्यास (ड्रप आउट) लाई कम गर्न आधारभूत शिक्षाको स्तरलाई कसरी बलियो बनाउने ? जस्तो कि रुवाण्डाको विद्यालय सुधारको कार्यक्रमले विद्यालयहरूको परिणाममा आएको सुधारका आधारमा स्रोत र साधनको बाँडफाँट गर्ने नीति ल्यायो।

घ. संघ, प्रदेश र स्थानीय सरकारहरूको भूमिका र जिम्मेवारीलाई स्पष्ट, पारदर्शी, जवाफदेही र वस्तुनिष्ठ मूल्यांकन हुने कसरी बनाउने ? जिम्मेवारीबाट भाग्ने वा कार्यक्षमता न्यून हुनेलाई के गर्ने ?

ङ. साधारण र व्यावसायिक ( टेक्निकल/भोकेसनल) शिक्षाबीचको समन्वय कसरी गर्ने ? नर्वे वा अरू देश जस्तै पढ्न चाहनेलाई साधारण वा व्यावसायिक जता जान पनि पाउने विकल्प दिने कि नदिने ?

च. निजी क्षेत्रको शिक्षालाई व्यापारीकरण गर्नबाट रोक्न र निजी र सार्वजनिक/सरकारी शिक्षाबीचको खाडललाई कम गर्न के गर्ने? कस्तो खालको शिक्षामा निजी लगानीलाई प्रोत्साहन वा दुरुत्साहन गर्ने ?

छ. समाजको समग्र सदाचार माथि उठाउन सहयोग गर्ने नैतिक शिक्षा, अधिकार र कर्तव्यको शिक्षा, सदाचार र नागरिक शिक्षालाई कसरी समेट्ने? शिक्षा क्षेत्रको विकासद्वारा नेपालमा बढ्दै गएको सामाजिक, आर्थिक, राजनीतिक र सांस्कृतिक अराजकतालाई कसरी सम्बोधन गर्ने?

ज. शिक्षा मन्त्रीले निजामती कर्मचारीमाथि अविश्वास प्रतिबिम्बित हुने गरी प्रशिक्षार्थी कर्मचारी परिचालन गर्न नयाँ कार्यविधि ल्याएको कुरा विवादित छ, तर नेपालको पिस कोर कार्य्रक्रम र विश्वका अन्य देशमा एड्जङ्क्ट टिचर/प्रोफेसर राख्ने कुराले शिक्षाको गुणस्तर बढाउन सहयोग मिल्छ। त्यसैले यी कुरा ( अर्थात् ल्याटर इन्ट्री) लाई कसरी व्यवस्थापन गर्ने ?

**२. राजनीतिक चुनौती**

हाम्रा विद्यालयदेखि विश्वविद्यालयसम्म राजनीतीकरणको शिकार भएको जगजाहेर छ। पार्टीका मान्छेहरूको भर्नादेखि विभिन्न पार्टीका संगठनहरूले शिक्षा क्षेत्रलाई प्रभावमा पारेका छन्। अधिकांश जसो शिक्षक राजनीतिक दलहरूसँग आबद्ध छन्। वर्षौंदेखि राजनीतिको दलदलमा फसेको शिक्षा क्षेत्रलाई कसरी उकास्ने भन्ने ठूलो चुनौती छ।

**३. सुशासन सम्बन्धी चुनौती**

अरू देशको अनुभव हेर्दा सुशासनका कुरा गर्दा स्वायत्तता, पारदर्शिता, क्षमता अनि जिम्मेवारीपन सबै पर्छन्। विश्वविद्यालयको सुशासन मोडेल कस्तो छ? त्यसले शिक्षाको गुणस्तर बढाउन सहयोग गरेको छ कि छैन? विश्वविद्यालय अनुदान आयोगको नेतृत्व र भूमिका कस्तो छ? समग्र विश्वविद्यालयको नेतृत्व र व्यवस्थापनको वातावरणले अनुभवी, प्यासनेट (जुनूनी) र तुलनात्मक रूपमा अब्बल दर्जाका प्राध्यापकलाई अध्यापनमा जाउँ भन्ने वातावरण बनाएको छ कि छैन?

हामी संघीय गणतन्त्रको अभ्यासमा छौं। तीन तहको व्यवस्था अन्तर्गत स्थानीय तह सबैभन्दा बढी सेवा प्रवाह गर्ने तह भएकाले अधिकार हस्तान्तरण गर्दै जाँदा जनताले त्यसको सबैभन्दा बढी अनुभूति गर्ने हो र गणतन्त्र संस्थागत हुँदै जाने हो। तर उनीहरूको यसअघिको आन्दोलन हेर्दा शिक्षकहरूले स्थानीय निकाय मातहतमा बस्न मानेका छैनन्। शिक्षकहरूले के के कुराको सुनिश्चितता खोजेको हो बहस गर्न जरूरी छ। शिक्षकहरूको केही जायज माग होलान् तर स्थानीय तह अन्तर्गत जाँदै नजाने भन्ने आन्दोलन पनि चुनौती बनेको छ।

विश्वका अरू देशको अनुभव हेर्दा नीतिगत कुरा संघ वा राज्यका मातहत र विद्यालयस्तरको शिक्षाको दैनिक रेखदेख स्थानीय तहमै हुँदा प्रभावकारी हुने देखिन्छ किनकि यसले विद्यार्थी, शिक्षक र अभिभावकको सामूहिक प्रयासलाई प्रश्रय दिन्छ। जस्तो कि धेरै देशमा राज्य सरकारहरू पब्लिक स्कुलहरूको मर्मत र सञ्चालनका अलावा पाठ्यक्रम, शिक्षण विधि र निर्देशनात्मक सामग्रीको स्थापना, छनोट र नियमनका लागि जिम्मेवार हुने गर्छन्। राम्रो उदाहरण दिल्लीका केजरीवालले शिक्षाको गुणस्तरमा ल्याएको परिवर्तन हो।

अमेरिकाको अनुभव हेर्दा लोकल स्कुल बोर्डहरूले स्थानीय नीति निर्माण र प्रशासन (भर्ना, बजेट, तलब, पढाइको रेखदेख आदि) गर्ने गर्छन् तर लोकल बोर्डमा बस्ने कम्तीमा ब्याचलर डिग्री भएका, कुनै पार्टीसँग प्रत्यक्ष सम्बन्ध नभएका, उच्च निष्ठा भएका, अनुभवी र अक्सर शिक्षाप्रेमी र विशुद्ध स्वेच्छिक आधारमा काम गर्ने गर्छन्।

नेपालको अनुभव के छ भने धेरै पालिकाहरूमा हाम्रो स्थानीय पूर्वाधार तयार हुन केही वर्ष लाग्छ। काठमाडौं महानगरपालिका र बाजुराको हिमाली गाउँपालिकालाई एकै ठाउँमा राखेर कसरी विद्यालयहरूलाई स्थानीय तह अन्तर्गत राखेर, एउटै नीति बनाएर सुधार गर्ने भन्ने मुख्य चुनौती हो।

अहिले नै राज्य र स्थानीय निकायको क्षमता हेरेर नेपालमा यो कति सम्भव छ त भन्ने हेर्नुपर्छ। ७५३ वटा पालिका एकनास पनि छैनन्। तर शिक्षा व्यवस्थापन केन्द्रीकृत हुनुहुन्न र धेरै खण्डित पनि हुनुहुन्न। केही समय दक्षता अभिवृद्धि गर्ने, गुणस्तरमा एकरूपता ल्याउने र त्यही अनुसार स्थानीय तहमा दायित्वहरू हस्तान्तरण गर्दा राम्रो !

**४. केही मात्रामा भए पनि शिक्षामा हुने विदेश पलायन कसरी रोक्ने ?**

हरेक दिन करीब २ हजार जतिले नो अब्जेक्सन लेटर लिने गरेको पाइन्छ। अस्ट्रेलियामा विदेशी विद्यार्थीमा नेपाल तेस्रो राष्ट्र पर्छ। जापान, कोरिया, युरोप, अमेरिका आदितिर उल्लेख्य मात्रामा नेपाली विद्यार्थी छन् भने भारतमा मात्र सन् २०२२ मा १३ हजारभन्दा बढी विद्यार्थी

**–बाँकी तीन पेजमा**

# अर्नमा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**अर्नमा, सिरहा**
**मधेश प्रदेश, नेपाल**

## मेलमिलापकर्ता सम्बन्धी जरुरी सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८०/१२/२१ गते**
**ने.सं. ११४४ चिल्लागा ९ बुधवार**

यस अर्नमा गाउँपालिकाबाट मिति २०८०/११/२१ गते प्रथम पटक सूचना प्रकाशन बमोजिम न्यायिक समितिमा मेलमिलापकर्ताको रुपमा सुचिकृत प्राप्त संख्यामा नभएकोले मेलमिलापकर्ताको रुपमा आफ्नो नाम सुचिकृत गराउन चाहने मेलमिलाप सम्बन्धी तालिम प्राप्त गरेका व्यक्ति वा मेलमिलाप परिषद्बाट स्वीकृत प्राप्त गरेका मेलमिलाप सम्बन्धी कार्य गर्ने संस्थाले यो सूचना प्रकाशन भएको मितिले सात (७) दिन भित्र निवेदन दिनु हुन यो सूचना प्रकाशन गरिएको छ।

**तपसिलः**

१. अधिकारिक निकायबाट प्राप्त गरिएको मेलमिलापकर्ताको प्रमाण पत्रको प्रमाणित प्रतिलिपी थान–१
२. शैक्षिक प्रमाण पत्रको प्रमाणित प्रतिलिपी थान–१
३. नेपाली नागरिकता प्रमाण पत्रको प्रमाणित प्रतिलिपी थान–१
४. पासपोर्ट साइजको फोटो थान–२

**नोटः** निवेदन फारम यस कार्यालयमा सम्पर्क राखी प्राप्त गर्न सकिनेछ।

**–प्रमुख प्रशासकीय अधिकृत**

# नेपालको भारतमा लगातार तेस्रो जित, फ्रेन्डसिप कपको फाइनलमा

काठमाडौँ, २१ चैत्र। भारत टूरमा रहेको नेपाली राष्ट्रिय क्रिकेट टिमले लगातार तेस्रो जित हासिल गरेको छ। फ्रेन्डसिप कप अन्तर्गत जारी टी–२० सिरिजमा नेपालले गुजरात क्रिकेट एसोसियसनविरुद्ध लगातार दोस्रो र सिरिजमा तेस्रो जित हासिल गरेको हो। बुधबार सम्पन्न खेलमा नेपालले गुजरातलाई ८ रनले पराजित गरेको छ। नेपालले दिएको १८२ रनको लक्ष्य पछाएको गुजरातले २० ओभरमा ७ विकेट गुमाउदै १७३ रन बनाएको हो। यस अघि नेपालले टस हारेर पहिला ब्याटिंग गर्दै २० ओभरमा ७ विकेट गुमाउदै १८१ रन बनाएको थियो।

नेपालका लागि आसिफ सेखले सर्बाधिक ८५ रन बनाएका थिए। त्यसति कुशल भुर्तेलले ५४ रन बनाएका थिए। अन्य ब्याट्सम्यानले भने दोहोरो अंकमा रन बनाउन सकेनन्। त्यसैगरी गुजरातका बलर जयमित पटेलले ३ विकेट लिएका थिए भने दृशान्त सोनी र आर्या देसाईले २–२ विकेट लिएका थिए। यो जितसँगै नेपाल फ्रेन्डसिप कपको फाइनलमा पुगेको छ। नेपाल शुक्रबार



बरोडासँग अन्तिम खेल नखेल्दै फाइनलमा पुगेको हो। यस फ्रेन्डसिप कपमा गुजरातले एक खेल जितेको छ भने बरोडाले कुनै जित हासिल गरेको छैन।

## सुनसरीमा ...

प्रहरीले लुटपाटमा संलग्न भएका ब्यक्तिको खोजी सुरू गरेको छ।

प्रहरीका अनुसार लुटिएका अन्सारीले जग्गा बिक्री गरेको रकम बोकेर मालपोत कार्यालयबाट मोटरसाइकलमा घर जादै थिए। एकान्त क्षेत्रमा एकाएक बन्दुक पड्किएपछि आवाज सुनेपछि अन्सारीले मोटरसाइकल रोकेका थिए। सोही क्रममा उनलाई लुटिएका थिए। अन्सारी सकुशल रहेको जनाउँदै प्रहरीले पैसाको झोला लुटेर तीन जना फरार भएको जनाएको छ। हाल प्रहरीले लुटेरा समूहको खोजीका लागि जिल्ला प्रहरी कार्यालय सुनसरी, इलाका प्रहरी कार्यालय देवानगन्ज र हरिनगरा, प्रहरी चौकी भुटाहालगायतका विभिन्न स्थानमा प्रहरी युनिटबाट खोजी कार्य अघि बढाएको छ।

## खस्किंदो शिक्षा ...

थिए। भारतका धेरै विश्वविद्यालयले त नेपालीलाई आकर्षण गर्न कोटा छुट्याउने र शुल्कमा समेत छुट दिन्छन्।

विश्वव्यापीकरणको युगमा विदेश पलायन रोकिने पनि होइन र नियन्त्रण गरेर रोक्ने प्रयत्न राम्रो होइन तर नेपालको सरकारी–सार्वजनिक शिक्षाको गुणस्तर खस्किएको र निजी उच्च शिक्षा महङ्गो भएकाले समेत किन विदेश नपढ्ने भन्ने तर्क बलियो बनेको छ।

**५. शिक्षामा लगानी**

शिक्षा क्षेत्रमा उदाहरणीय मानिने नर्डिक देशहरूको जस्तो जीडीपीको ९–१० प्रतिशत शिक्षामा लगानी नेपालमा २–४ वर्षमा सम्भव नहोला तर विश्व बैंकका अनुसार सन् २०२१ मा विश्वको ‘पब्लिक स्पेन्डिङ इन एजुकेशन’ जीडीपीको ४.२ प्रतिशत थियो भने नेपालको औसत ३.४ प्रतिशत थियो। यो विश्वको औसतभन्दा तल हो। शिक्षामा कति सार्वजनिक लगानी (पब्लिक एक्स्पेन्डिचर) हुनुपर्छ भन्ने अन्तर्राष्ट्रिय मापदण्ड सरकारको बजेटको १५ देखि २० प्रतिशत मानिन्छ। शिक्षा क्षेत्रमा न्यून लगानी भए कसरी गुणस्तर बढ्छ त? भारतमै हेर्ने हो भने शिक्षामा औसत खर्च जीडीपीको ४.६ प्रतिशत छ भने भुटानको त ८.१ प्रतिशत छ। विकासको उदाहरण दिंदा अहिले रुवाण्डालाई राम्रो नमूना मानिन्छ। युनिसेफका अनुसार रुवाण्डाले सन् २०२३–२४ मा आफ्नो बजेटको १५.६ प्रतिशत शिक्षामा छुट्याएको छ।

शिक्षामा लगानी बढाउँदा गुणस्तर बढ्छ भन्ने अर्को उदाहरण दिल्ली सरकारले शिक्षा क्षेत्रमा ल्याएको परिवर्तनलाई पनि लिन सकिन्छ। दिल्ली सरकारले सन् २०१५ मा शिक्षा क्षेत्रमा कुल बजेटलाई १२ बाट २५ प्रतिशतमा बढायो। शिक्षामा बजेट बढेका कारण शिक्षक तालिम/मेन्टरिङदेखि करिकुलम रिभिजनसम्म, स्कूल भवन र कोठादेखि नयाँ प्रविधिको प्रयोगसम्मका कुरामा लगानी बढेकाले ‘दिल्ली एजुकेशन रिभोल्युसन’ सम्भव भयो भनिन्छ।

**नेपालको शिक्षा क्षेत्र सुधारका लागि केही सुझाव**

माथि उल्लेख गरिएका चुनौतीलाई एकै दिन समाधान गर्न सकिंदैन। केही तत्काल गर्नुपर्ने र केही समस्याहरूको दीर्घकालीन समाधान खोज्नुपर्ने देखिन्छ। विद्यालयमा हुने राजनीतिक कार्यक्रम वा सार्वजनिक जग्गा हडप्ने कुरा रोक्नुपर्छ। विश्वविद्यालयका पदाधिकारीको नियुक्तिलाई पारदर्शी र प्रतिस्पर्धी बनाउनुपर्छ। विश्वविद्यालयको पठनपाठन र परीक्षालाई ‘क्यालेन्डर’ अनुसार लैजानुपर्छ भने प्रश्नपत्र वा परीक्षामा हुने अनियमितता रोक्नुपर्छ। सरकारी र निजी विद्यालय वा विश्वविद्यालयले उठाउँदै आएको गैरकानुनी शुल्कहरूलाई व्यवस्थित गर्ने र शिक्षक र प्राध्यापकको तालिम, सरुवा, बढुवा आदिलाई प्रभावकारी बनाउने जस्ता सुधार शिक्षा मन्त्रीको स्तरबाट सम्भव होला।

तर नेतृत्वमा रहेकाको केही क्रान्तिकारी परिवर्तन गरौं भन्ने राम्रो मकसद भए पनि व्यापक छलफल, विमर्श र सहमति विनाका सुधारका योजना, निर्णय र कार्यक्रमहरू लागू गर्दा धेरैभन्दा धेरै नागरिकहरूको संलग्नता र समर्थन भएन भने सुधारका कार्यक्रमहरूलाई कार्यान्वयन गर्न गाह्रो हुन्छ। माथि उठाइएका चुनौतीको हल खोज्न नेपालको शिक्षा क्षेत्र सुधारका लागि हरेक पालिका, प्रदेश र राष्ट्रियस्तरमा व्यापक छलफल चलाउन आवश्यक छ। ठीक त्यसरी नै विद्यालय शिक्षा, उच्च शिक्षा अनि प्राविधिक शिक्षाका मुख्य चुनौतीको सूक्ष्म अध्ययन गरेर समाधान खोजिनुपर्छ। अहिले विकासको लिटरेचरमा के र कसरी दुई शब्द धेरै प्रयोग गरिन्छन्। के भन्नाले नीति, प्राथमिकता र कार्यक्रम के हुने भन्ने कुरा र कसरी भन्नाले यी कुरालाई पूरा गर्न चाहिने राजनीतिक इच्छाशक्ति र सुशासन।

अहिले नेपालमा धेरै पार्टीको गठबन्धन सरकार छ। एमालेका एकजना प्रभावशाली नेताले पार्टीका भ्रातृ संस्था भएका कारण शिक्षाको गुणस्तर खस्किएको होइन भनिरहेका छन्। शिक्षा क्षेत्रलाई राजनीतिबाट मुक्त राख्न कांग्रेस, एमाले लगायत अरू पार्टीहरूको पनि सहमति चाहिएला। तर स्वतन्त्र पार्टीबाट प्रतिनिधित्व गर्ने शिक्षा मन्त्रीले कि त अरू ठूला पार्टीलाई लिएर काम गर्न पर्‍यो, कि त आफ्ना प्राथमिकता तय गरेर यी हाम्रा बटम लाइन/रेड लाइनहरु हुन भन्ने कुरा प्रधानमन्त्री र गठबन्धनका अरू नेताहरूलाई प्रष्ट पार्न जरूरी छ। नत्र जति परिवर्तनमुखी एजेन्डा र केही गरौं भन्ने हुटहुटी हुँदाहुँदै छिट्टै फ्रस्टेसन आउने पनि हुनसक्छ।

समग्रमा राजनीतीकरण कम र व्यावसायिकता बढ्दै गए, राज्यको शिक्षामा लगानी बढ्दै गए अनि राम्रो शिक्षक र राम्रा (प्रतिस्पर्धी) विद्यार्थीको आकर्षणले नै शिक्षा क्षेत्रको गुणस्तर बढ्ने हो। यसका लागि केही सुझाव यसप्रकार छन् –

१. आम बहस र छलफलका साथ सकेसम्म धेरैभन्दा धेरै परिवर्तन र सुधारमुखी प्रावधानहरू समेटेर संसदमा विचाराधीन शिक्षा विधेयक पास गरौं।
२. विश्वको औसत खर्चभन्दा तल हाम्रो शिक्षामा लगानी भएकाले आगामी बजेटमा शिक्षा क्षेत्रमा लगानी बढाउने प्रयास गरौं। शिक्षामा राजनीतीकरण रोक्ने एजेन्डामा राष्ट्रिय सहमति बनाऔं। जस्तो कि ट्रेड युनियन बाहेक पार्टीको सदस्यता लिनु गैरकानुनी हुन्छ। नियुक्ति, भर्ना आदिलाई खुला र पारदर्शी बनाउनुपर्छ। विश्वविद्यालयको नेतृत्वलाई राजनीति भन्दा टाढा राखेर प्राज्ञिक बढी बनाउनुपर्छ। कुलपति, सह–कुलपति आदि पञ्चायतका लिगेसीहरूलाई हटाएर विश्वविद्यालयलाई विशुद्ध प्राज्ञिक र स्वायत्त बनाउनुपर्छ। विश्वविद्यालय अनुदान आयोगलाई स्वतन्त्र बनाउनुपर्छ, आदि।
३. प्रोत्साहन र जरिवानाको व्यवस्था अर्को महत्वपूर्ण पक्ष हो। शिक्षा ऐन अनुसार राम्रो गर्ने पालिका वा प्रदेशलाई प्रोत्साहन स्वरूप थप स्रोत दिने र नगर्नेलाई जरिवाना तोक्ने व्यवस्था हुन जरूरी छ। पालिका–पालिका बीच, प्रदेश–प्रदेश बीच, विद्यालय–विद्यालय बीच, शिक्षक–शिक्षक बीच प्रतिस्पर्धासँगै सहकार्य (जस्तो मेन्टरिङ) को व्यवस्था हुन जरूरी छ।
भुटानको जस्तै एउटा जिल्लामा एउटा मोडेल स्कुल बनाएर संघ, प्रदेश र स्थानीय तहले एकत्रित सम्पत्ति अवधारणामा गएर शिक्षाको स्तर बढाउन सकिन्छ। पालिका र प्रदेशले शिक्षा क्षेत्रमा ल्याएको परिवर्तन अर्थात् सकारात्मक परिणामका आधार थप राज्यले स्रोत दिने व्यवस्था गरौं। दुर्गम र जनशक्तिको अभाव भोगेका अनि क्षमता कम भएका पालिकालाई विशेष कार्यक्रम मार्फत प्रोत्साहन र क्षमता अभिवृद्धिको प्रावधान राखौं।
४. नर्वे जस्ता देशहरूमा एकेडेमिक र भोकेसनल दुवै शिक्षालाई उत्तिकै जोड दिइन्छ भने दुवै खालका शिक्षामा जाने (स्वीच हुने) विकल्प हुन्छ। नेपालमा समेत भोकेसनलबाट साधारणमा जाने बनाउनुपर्छ भने भोकेसनल शिक्षालाई साधारणभन्दा बढी आकर्षक बनाउन जरूरी छ।
५. विश्व नयाँ प्रविधिको युगमा छ। त्यसैले विद्यालय शिक्षामा विज्ञान, गणित, इन्जिनियरिङ र टेक्नोलोजीमा बढी जोड दिन जरूरी छ। विशेषगरी विद्यालय र विश्वविद्यालयहरूको डिजिटल पूर्वाधारलाई अभिवृद्धि गर्न जरूरी छ।
६. विशेषगरी स्तरीय शिक्षाका लागि स्तरीय शिक्षक र प्राध्यापक चाहिने भएकाले यिनको तलब र अन्य सुविधा प्रतिस्पर्धी बनाउन जरूरी छ। समग्रमा शिक्षक र प्राध्यापकको तलब–सुविधाका आधारमा अरू पेशा भन्दा आकर्षक पेशा बनाउन नसके अनि दक्ष जनशक्ति तान्ने र तालिम दिएर अपग्रेड गर्दै जान नसके कुनै पनि देशको शिक्षाको गुणस्तर बढ्न गाह्रो हुने गर्छ।
७. शिक्षक र कर्मचारीहरूले सार्वजनिक–सरकारी विद्यालयमा आफ्ना छोराछोरी पढाए राज्यले अनुदान दिने व्यवस्था भए पनि शिक्षाको गुणस्तर बढ्नमा बल पुग्नेछ।
८. निजी क्षेत्रका विद्यालय, कलेज र विश्वविद्यालयमा बरु राज्यले नै केही लगानी गरेर केही सिटहरूमा प्रतिस्पर्धाद्वारा निःशुल्क पढ्ने व्यवस्था मिलाउन सके केही हदसम्म भए पनि विद्यार्थी विदेश पलायन हुने कुरा रोकिनेथियो। ठीक त्यसरी नै निजी लगानी र सरकारी लगानीका विद्यालयबीच सहकार्यको मोडेल अपनाउन सके वा कस्तो र कुन अवस्थामा निजी लगानीलाई प्रोत्साहन वा दुरुत्साहन गर्ने भन्ने राष्ट्रिय नीतिमा सबै मुख्य दलहरू सहमत हुनसके निजी र सरकारीबीचको खाडल कम गर्न सकिने थियो। प्राविधिक र सीपमूलक शिक्षामा रहेकालाई विस्तारै सरकारी–निजी साझेदारीको मोडेलमा लैजाने कि ?
९. नेपालमा कति विद्यालय वा कति कलेज र विश्वविद्यालयको संख्या चाहिने हो, अध्ययन हुन जरूरी छ। स्थानीय तहमा विद्यालयको संख्या धेरै भएर पनि शिक्षाको गुणस्तर खस्केको हो कि अनि स्रोत–साधन छरिए जस्तो भएको हो कि? बरु विद्यालयको संख्या घटाउन प्रोत्साहन गर्ने हो कि ? ठीक त्यसरी नै १८–२० विश्वविद्यालयहरू नेपालमा सञ्चालनमा भए पनि अझै त्रिभुवन विश्वविद्यालयले ८० प्रतिशत विद्यार्थी धानेको छ। विशेषगरी विश्वविद्यालयस्तरले एकातिर विश्व बजारमा बिक्न सक्ने दक्ष जनशक्ति तयार गर्नुपर्ने चुनौती छ भने अर्कोतिर नेपालको समग्र विकास र समृद्धिलाई सहयोग पुर्‍याउन नीतिगत विश्लेषण गर्न सक्ने अनुसन्धान, अन्वेषण र खोजमुखी शिक्षा कसरी बनाउने भन्ने चुनौती छ। हरेक वर्ष नेपालका विश्वविद्यालयहरूले अनुसन्धानमा गरेको प्रगतिका आधारमा थप प्रोत्साहन स्वरूप केही अनुसन्धानको कोष परिचालन गर्न सके अनुसन्धानमुखी शिक्षालाई बढावा मिल्नेछ।
१०. अनुभवी र पढाउने अभिरुचि र उत्साह भएकालाई प्रतिस्पर्धाद्वारा सीधै ल्याउन सकिने प्रावधान ( ल्याटरल इन्ट्री) हुन जरूरी छ। धेरै देशहरूमा एड्जङ्क्ट प्रोफेसरको व्यवस्था छ। यही भएर अमेरिकामा राष्ट्रपतिकी उम्मेद्वार हिलारी क्लिन्टनदेखि बेलायतका पूर्वप्रधानमन्त्री गोर्डन ब्राउनसम्मले विश्वविद्यालयमा पढाइरहेका छन्। तर यो प्रावधान मन्त्रीको निर्णयले होइन कि शिक्षा ऐनहरूमै तोकिन जरूरी छ।

अन्त्यमा, शिक्षा क्षेत्रमा एउटा प्रश्न उठ्छ– ‘हार्वर्ड विश्वविद्यालयमा पढाइ राम्रो भएको र प्राध्यापकहरू दक्ष र अब्बल भएकाले विश्वमा एक नम्बर मानिएको हो कि विश्वभरिका राम्रा विद्यार्थीहरू जति सबै हार्वर्ड जान खोजेकाले यो विश्वविद्यालयको स्तर राम्रो भएको हो ? सायद हार्वर्ड अब्बल हुनमा यी दुवै कुराको योगदान होला तर एउटा घतलाग्दो कुरा के छ भने एउटा बझाङ वा सोलुखुम्बुमा जन्मेको विद्यार्थी हार्वर्ड गएर शैक्षिक उपाधि हासिल गर्न सक्छ भने नेपालको जुनसुकै कुनामा जन्मिनेहरू जीवनमा सफल हुने सामर्थ्य र हैसियत राख्छन्, यदि नेपालको शिक्षा क्षेत्र अब्बल, सर्वसुलभ र गुणस्तरीय भयो भने।

यसै पनि शिक्षा, स्वास्थ्य, आम्दानी र रोजगारीमा रहेको असमानताले नेपालको विकास र समृद्धिलाई पछाडि धकेलेको छ। शिक्षा लगायतका असमानताहरूलाई सम्बोधन गर्न सके संयुक्त राष्ट्रसंघ विकास कार्यक्रमका अनुसार नेपालको मानव विकासमा २५ प्रतिशतले अभिवृद्धि हुनसक्ने भन्ने छ। शिक्षाको गुणस्तर खस्किनुमा देशको अर्थतन्त्रले सीमित मात्रामा भए पनि रोजगारीका अवसर सृजना गर्न असमर्थ हुनु पनि हो। देशभित्र उपलब्ध केही अवसरमा समेत राजनीति, नातावाद, कृपावाद र भ्रष्टाचार हाबी भएका कारण मिहिनेत र प्रतिस्पर्धामा विश्वास गर्नेहरू पलायन हुनुपर्ने अवस्था छ। गरीब, न्यून मध्यम र कम आम्दानी हुने वर्गमा आखिर पैसा कमाउन खाडी मुलुक, मलेसिया वा अन्य देशमा ‘लेबर’ काम गर्न जानै पर्ने भए किन कलेज वा विश्वविद्यालयतिर हल्लिएर समय खेर फाल्ने भन्ने भाष्य बलियो हुँदै गएको छ, जसले समेत भविष्य भएका राम्रा विद्यार्थी समेत पढाइ छोडिरहेका छन्। यो वर्गमा पर्ने केहीलाई राम्रो छात्रवृत्ति दिएर केही पलायन रोक्न सकिएला।

मध्यम र उच्च आम्दानी हुने नेपाली परिवारका विद्यार्थीहरूले खर्चका हिसाबले नेपालमा राम्रो निजी कलेज र विश्वविद्यालय पढ्नु वा अस्ट्रेलिया वा अरू देशमा पढ्नु उस्तै हुने भए भविष्य हेरेर बरु उतै किन पढ्न नजाने भन्ने तर्क छ। नेपालको प्राविधिक र उच्च शिक्षालाई गुणस्तरीय, सर्वसुलभ र सस्तो बनाउन सके विद्यार्थीको पलायन रोकिने र राम्रा विद्यार्थी नेपालमै अध्ययन गर्नेछन्। अनलाइन खबरबाट

# मध्यवर्ती क्षेत्र स्थानीयका लागि इन्धनको स्रोत



**जयकृष्ण यादव**

इनरुवा, २१ चैत्र। कोशी टप्पु बन्य जन्तु आरक्ष मध्यवर्ती क्षेत्र सुनसरीको कोशी गाउँपालिका वडा नम्बर ७ र ८ का स्थानीयका लागि इन्धनको स्रोतको रुपमा सावित भएको छ। मध्यवर्ती क्षेत्रमा खुल्ला चरिचरण गर्ने गाईभैंसीको गोबरको गोईठा होस की झरपात र विभिन्न साना रुख विरुवाको हागा होस स्थानीयका लागि इन्धनको स्रोतको रुपमा प्रयोग गर्ने गरेका छन्। यहाँ स्थित कोशी किनारसम्म र पूर्वपश्चिम लोकमार्गसम्मको क्षेत्रमा जंगल तथा घासे मैदान क्षेत्रमा चरिचरण गर्ने गाईभैंसीको गोबरको सुकेर बनेको गोईठा होस की बुट्यान, झरपात र विभिन्न रुख विरुवाको हागा वा झरेको पात स्थानीयबासीहरुले संकलन गरेर भान्साका लागि इन्धनको स्रोतको रुपमा प्रयोग गर्ने गरेका स्थानीय देवराज यादवले जानकारी दिनुभयो। एक हजार बढी परिवारले कोशीमा बगेर आएको दाउरादेखी गाईभैंसीको गोबरको गोईठा, झरपात र जंगलका, सिमसारका विभिन्न रुख विरुवाको हागा र पातलाई इन्धनको रुपमा प्रयोग गर्ने गरेका यादवले बताउनुभयो।

# परीक्षामा मोबाइल दुरुपयोग चौँतिस जना कारबाहीमा

बर्दिबास, २१ चैत्र। माध्यमिक शिक्षा परीक्षा (एसईई) मा अनियमितता गर्ने ३० जना परीक्षार्थी, चार निरीक्षक र एक जना परीक्षा सहायकमाथि परीक्षा अनुगमन टोलीले कारबाही गरेको छ। अनुगमन टोलीले परीक्षा केन्द्रबाट ९३ थान मोबाइलसमेत नियन्त्रणमा लिएको छ। यो वर्ष महोत्तरीका ३२ परीक्षा केन्द्रबाट नौ हजार ४३१ जना एसइईमा सहभागी छन्। परीक्षालाई स्वच्छ र मर्यादित बनाउन प्रमुख जिल्ला अधिकारी, सहायक प्रमुख जिल्ला अधिकारी र शिक्षा विकाश तथा समन्वय एकाइ प्रमुखको नेतृत्वमा रहेको छुट्टाछुट्टै टोलीले हरेक केन्द्र र परीक्षाकोठामै पुगेर अनुगमन गर्दै आएको छ। यसको अलावा इलाका प्रशासन र स्थानीय सुरक्षा प्रमुखले पनि आफ्ना क्षेत्रका केन्द्रमा अनुगमनलाई निरन्तरता दिएका छन्।

अनुगमनका क्रममा प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल नेतृत्वको अनुगमन टोलीले मटिहानी, पिपरा र रतौली केन्द्रबाट विज्ञान विषयको चिट र गाइडसहित फेला परेका २८ जना परीक्षार्थीको उत्तरपुस्तिका नियन्त्रणमा लिई कारबाही गरेको जनाएको छ। तथापि उनीहरूको परीक्षा भने रद्द नगरिएको प्रजिअ गेलालले बताउनुभयो। गेलालले भन्नुभयो, "अमर्यादित कार्य गरेको पाइएपछि उत्तरपुस्तिका मात्र नियन्त्रणमा लिई विज्ञान विषयको परीक्षाबाट वञ्चित गरिएको हो।" प्रजिअ गेलालकै अनुगमन टोलीले पिपरा केन्द्रबाट एक जना परीक्षा सहायकमाथि पनि कारबाही गरी बाँकी परीक्षामा बस्न नपाउने गरी निष्कासन गरेको छ।

त्यस्तै सहायक प्रजिअ उपेन्द्र न्यौपानेको अनुगमन टोलीले मोबाइलसहित फेला परेका दुई जना विद्यार्थीको परीक्षा रद्द गरेको छ। अनुगमनका क्रममा राम मावि मटिहानी र खखना केन्द्रका दुई जना परीक्षार्थीले मोबाइलबाट प्रश्नपत्र आउट गरेकाले दुवै जनामाथि कारबाही गरिएको न्यौपानेले जनाउनुभयो। परीक्षामा मोबाइल बोक्न र प्रयोग गर्न निषेध गरिए पनि त्यसको उल्लंघन गर्दै दुवै परीक्षार्थीले मोबाइल बोकेको र जाँच गर्दा प्रश्नपत्रको फोटो खिची ह्वाट्सएपबाट आउट गरेको फेला परेपछि कारबाही गरिएको उहाँले बताउनुभयोरु त्यस्तै न्यौपानेकै अनुगमन टोलीले सुकदेव मावि सुगा केन्द्र, जलेश्वरस्थित कन्या मावि केन्द्र, खयरमारा र खखना केन्द्रबाट परीक्षामा मर्यादापालन नगराएको पाइएपछि चार जना निरीक्षकलाई निष्कासन गरेको छ।

यस पटकको एसइईमा मोबाइलको दुरुपयोग अप्रत्याशित रूपमा बढेको अनुगमन टोलीले जनाएको छ। परीक्षामा केन्द्राध्यक्षबाहेक अरूलाई मोबाइल बोक्न र प्रयोग गर्न निषेध गरिएको छ तर नियमको उल्लङ्घन गर्दै परीक्षा कोठामा लगेका ९३ थान मोबाइल बरामद भएको शिक्षा विकास तथा समन्वय एकाइ प्रमुख प्रतिभा साहले बताउनुभयोरु अनुगमनका क्रममा शंकास्पद परीक्षार्थीको तलासी लिँदा ती मोबाइल बरामद भएका हुन्। मंगलबार सम्पन्न विज्ञान विषयको परीक्षाको अनुगमनका क्रममा प्रजिअ गेलाल नेतृत्वको टोलीले मटिहानी, पिपरा र रतौली केन्द्रबाट २२ थान र एकाइ प्रमुख साह नेतृत्वको टोलीले भ्रमरपुरा, रतौली र महोत्तरी केन्द्रबाट आठ गरी ३० थान मोबाइल नियन्त्रणमा लिएको छ। यसअघिका अंग्रेजी, नेपाली र गणित विषयका परीक्षाबाट ६३ थान मोबाइल बरामद गरेको प्रजिअ गेलालले बताउनुभयो। "सबै मिलाएर अहिलेसम्म ९३ थान मोबाइल सेट बरामद भएको छ," प्रजिअले भन्नुभयो।

# वैवाहिक बलात्कारको आरोप लागेका न्यायाधीश गिरीलाई थुनामा पठाउन आदेश

काठमाडौं, २१ चैत्र। सर्वोच्च अदालतले वैवाहिक बलात्कारको आरोप लागेका न्यायधीश भुवन गिरीलाई थुनामा पठाउन आदेश दिएको छ। बुधबार न्यायाधीशहरु हरि फूयाल र तिलप्रसाद श्रेष्ठको इजलासले जिल्ला अदालत र उच्च अदालतको आदेश बदर गर्दै गिरीलाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश दिएको हो। यस अघि गिरीलाई जिल्ला अदालत काठमाडौं र उच्च अदालत पाटनले धरौटीमा छाड्न आदेश दिएका थिए।

न्यायाधीश गिरीकी पत्नीले आफूमाथि वैवाहिक बलात्कार भएको भन्दै गिरीविरुद्ध जाहेरी दिएकी थिइन्। त्यसपछि गिरीलाई पक्राउ गरी अनुसन्धान शुरु गरिएको थियो। बुधबार सर्वोच्चका न्यायाधीश हरिप्रसाद फुयाल र तिलप्रसाद श्रेष्ठको इजलासमा बहस चलिरहेको न्यायाधिश गिरीकी श्रीमती आरतीले शंकास्पद वस्तु सेवन गरेकी थिइन्। त्यसपछि उनलाई तुरुन्तै उपचारका लागि वीर अस्पताल लागिएको थियो। अहिले उनको अवस्था भने समान्य रहेको बताइएको छ।

## विष सेवन गरेकी न्यायाधीश पत्नी आरतीलाई होस आयो

काठमाडौँ, २१ चैत्र। सर्वोच्च अदालतको इजलासमा अखाद्य वस्तु 'विष' सेवन गरेकी न्यायाधीश भुवन गिरीकी श्रीमती आरतीको होस आएको छ। बुधबार न्यायाधीश हरिप्रसाद फुयाल र तिलप्रसाद श्रेष्ठको इजलासमा बहस चलिरहेको समयमा उनले अखाद्य वस्तु सेवन गरेकी थिइन्। तत्कालै उनलाई उपचारका लागि वीर अस्पताल लगिएको थियो। अस्पतालका प्रहरी खड्गा बहादुर गौतमका अनुसार उनको अवस्था अहिले सामान्य रहेको छ। 'अहिले उहाँलाई होस आएको छ। बोल्न पनि थालिसक्नु भएको छ। अरु सामान्य देखिन्छ' उनले भने।



उनलाई साढे २ बजेतिर अस्पताल पुऱ्याइएको थियो। अस्पताल स्रोतका अनुसार उनले गुट्खाको प्याकेटमा रहेको विष आधा जसो नै सेवन गरिसकेकी थिइन्। उनलाई वीर अस्पतालमै भर्ना गरी उपचार गर्ने तयार भइरहेको छ। उनले सेवन गरेको विष 'जिंक फस्टाइट' रहेको र यसको उपचार नभएकाले लक्षण अनुसारको उपचारका लागि भर्ना गर्ने तयारी भएको अस्पतालका एक स्वास्थ्यकर्मीले जानकारी दिए।

## राजनीतिक...

सेवकको रुपमा राखिएको थियो। अहिले मन्त्रालयले सहजकार्ताको रुपमा तलव भत्ता खुवाउने भनिएको छ। उनले भने, 'पालिकाले मन्त्रालयको निर्देशनानुसार तलव खुवाउँदै आएको सहजकार्ताले वर्षमा दशवटा कार्यक्रम मात्र गर्नुपर्ने भएकोले पालिकामा नबसेपनि तलव खुवाउनुपर्ने हुन्छ। तोकिएको कार्यक्रम बाहेक अरु काममा लगाउन पनि मिल्दैन।'

उनले थपे, 'गाँउपालिका अध्यक्षको निरहताको कारण पालिकाले गति लिन सकिरहेको छैन। गाँपा अध्यक्ष सत्यनारायण यादवलकै कारण पालिकामा कामगर्ने वातावरण विग्रदै गईरहेको छ।' गाँपा अध्यक्ष यादवले कर्मचारीलाई राजनीतिक कार्यकर्ताको रुपमा चलाउन खोजेको कर्मचारीहरुको गुनासो रहँदै आएको छ। 'कर्मचारीहरुले नीयम कानुन विपरित प्रेसर गरेर काम गर्न लगाएपछि कर्मचारी कसरी काम गर्छ?' कर्मचारीहरुको प्रश्न छ। कार्यालयमा विरलै देखापर्ने प्रमुख प्रशासकीय अधिकृत अशोक कुमार सिंहलाई कर्मचारीको विषयमा प्रतिक्रिया लिन उनले प्रयोग गर्ने कार्यालयको नम्वर ९८५२८३४७५९ र व्यक्तिगत नम्वरमा फोन गरेपनि मोवाइल स्चि अफ थियो।

यता, कर्मचारी द्वयको बारेमा गाँपा अध्यक्ष सत्यनारायण यादवसंग कुरा गर्न खोज्दा उनी 'यो विषयमा पछि कुरा गर्छु भन्दै पन्छिए। उनले भने, 'यो कर्मचारीको विषयमा तपाईं कार्यालय तिरै आउनुस्, हामी सँगै बसेरै कुरा गरौंला भन्दै फोन काटे।' तत्कालिन गाउँपालिका अध्यक्ष जागेस्वर यादबको पालामा राजस्व हिनामिना गरेको भन्दै २०७८ सालमै महेन्द्र यादवको जिम्मेवारी खोसिएको नाम नखोल्ने शर्तमा एक कर्मचारीले बताए। उनले भने, 'जिम्मेवारी खोसिए देखी हालसम्म उनलाई गाँपाले कुनै जिम्मेवारी दिएको छैन। यादब प्रत्येक दिन पञ्जिकरण शाखामा गएर हाजिर गरेर बाहिर जानु हुन्छ। त्यतिकै हाजिरी बनाएर आउ-जाउ गरेरै तलब बुझिरहेका छन।'

## समान बरामद...

अवस्थामा बिभिन्न किसिमका लत्ताकपडा, औषधी, सुर्तिजन्य पदार्थ र चप्पलहरु सशस्त्र प्रहरी बल नेपाल नं. ११ गण रौतहटले बरामद गरेको छ। बरामद सामान गौर भन्सार कार्यालय रौतहटमा बुझाइएको छ।

# मधेस प्रदेशमा धार्मिक द्वन्द्व रोकथाम गर्न प्रहरी अझ संवेदनशील हुन् आवश्यक : अध्यक्ष डा.दत्त



धनुषा, २१ चैत्र। मधेसी आयोगका अध्यक्ष डा. विजयकुमार दत्तले मधेस प्रदेशमा दिन प्रति दिन बढ्दो धार्मिक द्वन्द्व रोक्न प्रहरी अझै संवेदनशील हुन् आवश्यक रहेको बताएका छन्। बुधवार जनकपुरमा मधेसी आयोगका अध्यक्ष डा.दत्त र मधेस प्रदेश प्रहरीका प्रमुख प्रहरी नायव महानिरीक्षक यज्ञ विनोद पोखरेल बिच भएको भेटघाटमा अध्यक्ष डा.दत्तले मधेस प्रदेशमा विगत केही महिना देखी धार्मिक सहिष्णुतामा ठेस पुऱ्याउने कार्यहरू भएको प्रति आयोग एकदम गम्भीर भएको बताएका हुन्।

समग्र प्रदेशको अवस्था बारे जानकारी लिँदै अध्यक्ष डा.दत्तले सामाजिक सद्भावमा खलल पुऱ्याउने घटना प्रति प्रहरी-प्रशासन सचेत र सतर्क नभएसम्म यस्ता घटना बारम्बार दोहोरिने समेत बताएका छन्। अध्यक्ष डा.दत्तले आयोगमा मधेस प्रदेश बाट कैयौं घरेलु हिंसा तथा महिला हिंसाका उजुरी प्राप्त भएको बताउँदै यस्ता घटनाहरूमा प्रहरीले तुरुन्त एक्सन लिनुपर्ने समेत ध्यानाकर्षण गराएका छन्। सीमा-नाकामा हुने लागूपदार्थ ओसारपसार, मानव तस्करी जस्ता घटनाहरूको रोकथामको लागि आवश्यक रणनीति बनाएर अगाडी बढ्न समेत अध्यक्ष डा.दत्तले प्रहरीलाई सचेत गराएका छन्। सो भेटघाटमा प्रहरी नायव महानिरीक्षक पोखरेलले मधेस प्रदेशको समग्र वस्तुस्थिति बारे अध्यक्ष डा.दत्तलाई जानकारी गराएका छन्।

**महिनावारीको समयमा ध्यान दिऔं**

- नियमित रुपमा नुहाउने, लगाएको कपडा फेर्ने र साबुन पानीले बेला-बेलामा हात धुने गरौं,
- स्यानिटरी प्याड वा सफा र नरम खालको सुती अथवा कटनको कपडाको प्रयोग गरौं,
- कम्तीमा ४ देखि ६ घण्टाको फरकमा स्यानिटरी प्याड वा प्रयोग गरेको कपडा फेरौं,
- प्रयोग गरेका कपडाहरु धोए पछि घाममा राम्रोसँग सुकाएर मात्र पुनःप्रयोग गरौं,
- सामान्य शारिरीक व्यायाम गरौं,
- गेडागुडी, माछा, मासु, मौसम अनुसारको फलफूल तथा हरियो सागसब्जी र प्रशस्तमात्रामा पानीलगायत झोलिलो खानेकुरा खाऔं,
- सरसफाईमा विशेष ध्यान दिऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक/सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **प्रवन्धक** : नविन यादब, कानुनी सल्लाहाकार :कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक**
**कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ website : www.marganugami.com, *e-mail : marganugamidaily@gmail.com* **मुद्रक** : यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)